# बागलुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागलुङ

☎०६८-५२०१३१/५२०२३१/५२०३०९
फ्याक्स : ०६८-५२०१३१
इमेल : baglungmun@gmail.com
गण्डकी प्रदेश, नेपाल


प.सं. : ०७७/७८
च.नं. : ३११५

मिति : २०७७/१२/११

श्री माध्यमिक तह सञ्चालित सबै सामुदायिक र संस्थागत विद्यालयहरु
बागलुङ नगरपालिका, बागलुङ ।

**विषय : नगरस्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागिता सम्वन्धमा ।**

प्रस्तुत विषयमा सामुदायिक विद्यालयका प्र.अ.हरु, प्याब्सन नगर समिति (बागलुङ) र एनप्याबसन नगर समिति (बागलुङ) का पदाधिकारी हरु सहित मिति २०७७।१२।१० गते बसेको बैठक र यस कार्यालयको मिति २०७७।१२।११ गतेको निर्णय अनुसार तपशिलको मिति र स्थानमा *बागलुङ नगरपालिका स्तरिय तेस्रो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता-२०७७* सञ्चालन हुने भएकोले बागलुङ नगरपालिका स्थित सबै सामुदायिक र संस्थागत विद्यालयहरुलाई सहभागिताको लागि अनुरोध छ ।

तपशिल :
कार्यक्रम हुने मिति र स्थान

मिति :२०७७ चैत्र २३ र २४ गते
स्थान : वाङ्गेचौर खेलकुद मैदान, बा.न.पा.-१, रामरेखा बागलुङ ।

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरुको विवरण :**

**१. भलिबल तर्फ :** छात्र र छात्रा (९,९) जना (भलिबल खेल नकआउट विधिबाट संचालन गरिने छ)

२. **कवड्डी :** छात्र (७०) के.जी मुनी र छात्रा (६५) के.जी मुनी दुवैमा ९/९ जना समूह हुनु पर्नेछ ।

३. एथ्लेटिक्स : (२:१०
क) दौड (ट्र्याक) तर्फ
- छात्र १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि., ३००० मि., ४/१०० मि. रिले, ४/४०० मि. रिले
- छात्रा १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि., ३००० मि., ४/१०० मि. रिले, ४/४०० मि. रिले

ख). उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ
- छात्र : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफूट १२०० पाउण्ड
- छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफूट १२०० पाउण्ड

**४. मार्सल आर्ट तर्फ :**
कँराते (सितेरिया):
छात्र : u–४२ के.जी, u–४७ के.जी, u–५२ केजी र काता एकल
छात्रा : u–४० के.जी, u–४५ के.जी, u–५० के.जी र काता एकल

उसु :
छात्र : Chang Quan, Nan Quan, and Tai Ji Quan
छात्र : Chang Quan, Nan Quan, and Tai Ji Quan

नगर शिक्षा अधिकारी

# बागलुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बागलुङ

☎०६८-५२०१३१/५२०२३१/५२०३०९
फ्याक्स : ०६८-५२०१३१
इमेल : baglungmun@gmail.com
गण्डकी प्रदेश, नेपाल


**तेक्वान्दो :**

छात्र : u–४५ के.जी, u–४८ के.जी, u–५१ केजी, काता एकल

छात्रा : u–४२ के.जी, u–४४ के.जी, u–४६ के.जी, काता एकल

**खेलका नियमहरु :**

१ राष्ट्रपति रनिडशिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० (दोस्रो संशोधन २०७४) बमोजिम अंक प्रदान गर्ने र खेल खेलाइनेछ ।

२ खेलाडी चालु शैक्षिक सत्र २०७७ मा नियमित रुपमा अध्ययन गरेको, १८ वर्ष मुनिको र कक्षा १२ को राष्ट्रिय परीक्षा वोर्डको परीक्षामा सहभागी नभएको हुनपर्नेछ ।

३ एक टिमको खेलाडीले दुई ट्रयाक एक फिल्ड वा दुई ट्रयाक र रिले खेलमा समेत भाग लिन सक्नेछ ।

४ प्रतियोगितामा नामदर्ता मिति २०७७ चैत्र २० गते कार्यालय समय भित्र गरिसक्नुपर्नेछ ।

५ विद्यार्थीको वैधताको विषयमा कुनै विवाद आएमा विद्यालयको प्र.अ. नै जवाफदेही हुनपर्नेछ । आयोजक समिति र निर्णायकको निर्णय नै अन्तिम हुनेछ ।

६ खेलाडीले भलिवल, एथ्लेटिक्स, कवड्डी र मार्शल आर्ट खेल मध्ये कुनै एक खेलमा मात्र खेल्न पाइनेछ ।

७ खेलाडीले आफ्नो खेल अनुसारको ड्रेस र जुत्ता अनिवार्य लगाउनुपर्नेछ ।

८ भलिवल खेल नकआउट र अन्य खेलहरु एथ्लेटिक्स संघको नियम अनुसार खेलाइनेछ ।

९ मिति २०७७।१२।२३ गते तोकिएको समयमा मार्चपासको लागि खेलाडी विद्यालयको व्यानर र झण्डा सहित उपस्थित हुनपर्नेछ ।

१० प्रतियोगितामा भाग लिने विद्यालयहरुले आफ्ना खेलाडी विद्यार्थीहरुको उमेर खुल्ने कागजात (जन्म दर्ता, रजिष्ट्रेशन नम्वरको अर्धकट्टि, कक्षा-८ को प्रमाणपत्र, वा SEE को प्रमाणपत्र) का साथ फोटो टाँसी विवरण भरी प्र.अ. र स्वयं विद्यार्थीले प्रमाणीत गरी नगरपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

११ कुनै विद्यालयले खेलाडी विद्यार्थीहरुको विवरण पठाउँदा गलत विवरण भरि पठाएमा वा नियम विपरितका खेलाडी विद्यार्थीहरुलाई समावेश गरेको पाइएमा त्यस्ता विद्यालयहरुलाई नियमानुसार कारवाही गरी कालोसूचीमा समावेश गरिनेछ र ति विद्यालयहरुको नाम विभिन्न माध्यमबाट सार्वजनिक गरिनेछ ।

१२ उत्कृष्ट नतिजा ल्याउने विद्यालय र खेलाडीलाई जिल्ला स्तरीय राष्ट्रपती रनिङ्शिल्ड प्रतियोगितामा सहभागिताका लागि सिफारिस गरिनेछ ।

१३ राष्ट्रपति रनिडशिल्ड प्रतियोगिता संचालन सम्बन्धि व्यवस्थाको विस्तृत जानकारी "www.moys.gov.np/moys/56" बाट *राष्ट्रपति रनिडशिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० (दोस्रो संशोधन २०७४)* डाउनलोड गरि लिनुहुन जानकारी गराईन्छ ।

- विस्तृत जानकारीको लागि सम्पर्क : गौरव राना मगर, बागलुङ न.पा., मो:९८५७६२७८१६, रेशम श्रीस, मो:९८४७६२३००४
- राष्ट्रपति रनिडशिल्ड प्रतियोगिता संचालन समितिको सचिवालय धवलागिरी वहिना आवासिय मा.वि. मा स्थापना गरिनेछ ।

**पुनश्च : श्री धवलागिरी वहिरा आ.मा.वि., प्याब्सन बागलुङ नगर समिति र एनप्याब्सन बागलुङ नगर समिति लाई व्यवस्थापकको रुपमा तोकिएकोले थप जानकारीको लागी सम्पर्क गर्नुहुन अनुरोध छ ।**

(डण्डपाणी शर्मा)
नगर शिक्षा अधिकारी

नगर शिक्षा अधिकारी

CS Scanned with CamScanner

अनुसुची -१

नियम ४ को उपनियम (१) र उपनियम (६), ६ को उपनियम (१) र ८ को उपनियम सँग सम्वन्धित

नगरपालिका / गाउँपालिकाको नाम :-

विद्यार्थीको फोटो

फोटो माथि
विद्यार्थी र
प्र.अ.को हस्ताक्षर

१. सहभागि विद्यार्थीको नाम :-
२. विद्यालयको ठेगाना :
३. अध्ययनरत कक्षा :-
४. जन्म मिति :-
५. सहभागि हुने विद्यार्थिको हस्ताक्षर :-

सहभागी हुने खेलहरु:

विद्यालयको छाप

विद्यालयको छाप

१. ट्र्याक ................, ................, ................
२. फिल्ड ................, ............
३. तेक्वान्दो ................
४. कराँते ................
५. उसु ................
६. भलिवल ................
७. कबड्डी ................

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने :
प्रधानाध्यापकको नाम :-
मोवाइल/फोन नं.:-
मिति :-
हस्ताक्षर :-

CS Scanned with CamScanner